**नेपाल सरकार**

**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**

## वैदेशिक रोजगार विभाग

**ताहाचल, काठमाण्डौ**

# धरौटी रकम अध्यावधिक गर्ने सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०७/१२**

यस वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार सम्बन्धी व्यवसाय गर्न ईजाजत प्राप्त गर्न तथा शाखा विस्तार गर्न, अभिमुखीकरण, घरेलु कामदार पठाउन, न्यायिक धरौटी लगाएत प्रयोजनार्थ राखिएको धरौटी वैदेशिक रोजगार ऐन तथा नियमावली वमोजिम धरौटी रकम मुद्दती निक्षेपमा राखी व्याज प्राप्त गर्ने गरिएकोले CGASS System मा प्रत्यक ईजाजत प्राप्त संस्था लगाएतको धरौटी छुट्टा छुट्टै अभिलेख नदेखिने हुँदा धरौटी श्रेस्तामा मात्र अभिलेख कायम रहेको तथा उक्त धरौटी अभिलेख श्रेष्ता २०८२ भदौ २४ गतेको आगजनिमा जलेर नष्ट भएको जिल्ला प्रहरी परिसर (अ.अ. तथा कारबाही शाखा) को मिति २०८२ असोज २७ गतेको मुचुल्काको समेत आधारमा नष्ट भएको धरौटी अभिलेख अध्यावधिक गर्न तपसिल वमोजिमको कागजात तथा प्रमाणसाथ निवेदन पेश गर्न यो सूचना जारी गरिएको छ ।

**तपसिल**

१. सम्बन्धित ईजाजत प्राप्त प्रा.लि./सस्थाबाट धरौटी दाखिलाको भौचरको प्रमाणित प्रतिलिपि,

२. बैक ग्यारेन्टी प्रमाणित प्रतिलिपि,

३. धरौटीको यथार्थ विवरण पेश गरेको स्वघोषणा पत्र,

४. आवश्यकताको आधारमा बैक स्टेटमेन्टको प्रतिलिपि

५ व्यक्तिगत धरौटीको लागि धरौटी दाखिलाको भौचर तथा निवेदन, धरौटी प्रयोजन खुलेको पत्र तथा नागरिकताको प्रतिलिपी ।

**महानिर्देशक**